कावासोती नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व )

गण्डकी प्रदेश, नेपाल

## करारमा सेवा लिने सम्बन्धी सूचना

(सुचना प्रकाशित मिति : २०७५/०९/२४)

कावासोती नगरपालिकाको लागी जनस्वास्थ्य प्रवर्दधन उपशाखा अन्तर्गत शिवमन्दि स्वास्थ्य चौकी, कावासोती-३, बर्थिङ्ग सेन्टरमा अ.न.मी. को रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य–विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.kawasotimun.gov.np बाट उपलब्ध हुनेछ ।

| पद नाम | संख्या |
|---|---|
| अ.न.मी<br>SBA(Skilled Birth Attendance तालिम प्राप्तलाई विशेष प्राथमिकता) | १ (एक) |

**शैक्षिक योग्यता,अनुभव र सेवा सुबिधाः**

१. नेपाली नागरिक ।

२. न्यूनतम योग्यता नेपाल सरकारवाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट अ.न.मी. कोर्स उत्तिर्ण गरेको ।

३. अनुभवीहरुको लागि विशेष ग्राह्यता दिइनेछ ।

४. १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने ।

५. संबन्धित काउन्सिल वा परिषद्मा दर्ता भएको प्रमाणपत्र।

६. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

७. परिक्षा शुल्क रु. ७००।– ( सात सय मात्र ) ।

८. तलब सुविधा शसर्त अनुदानमा विनियोजित रकमबाट न.पा.ले तोके अनुसार ।

**दरखास्तमा संलग्न गर्नुपर्नेः**

उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

**छनोट विधि:**

अन्तर्वाता

**नोट: अन्य जानकारीका लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।**

प्रमुख प्रशासकीय अधिकृत